नेपाल राष्ट्र बैंकबाट 'ग' बर्गको इजाजत प्राप्त संस्था

**Progressive Finance Limited**

प्रोग्रेशिभ फाइनान्स लिमिटेड

**कर्पोरेट कार्यालय :**
तिनकुने, काठमाण्डौं
फोन : ०१-५१९९६६४, ५१९९६६५

# चौबिसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस प्रोग्रेशिभ फाइनान्स लिमिटेडको मिति २०७७/०९/०७ गते बसेको सञ्चालक समितिको ४५३ औं बैठकको निर्णय अनुसार फाइनान्सको चौबिसौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरुमा छलफल गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति :** २०७७ साल पौष २९ गते, बुधबार (तदनुसार १३ जनवरी, २०२१)
**समय :** दिउसो १:०० बजे
**स्थान :** ज्यापू प्रज्ञा भवन, भोलगणेश, ललितपुर म.न.पा वडा नं.-९, ललितपुर ।
(Webinar मार्फत सञ्चालन गरिने ।)

**छलफलका बिषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण(वासलात), नाफा/नोक्सान विवरण (अन्य विस्तृत आम्दानीको विवरण सहित), नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण आदि सहितको वित्तीय विवरण छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७७/०७८ को लागि वाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा । (हालका लेखापरीक्षक श्री एस्.एम.सी. एशोशिएट्स, चार्टड एकाउन्टेन्ट्सको तिन वर्षे कार्यकाल सकिएकोले आ.व.०७७/०७८ को लागि निजले लेखापरीक्षण गर्न कानुनत नमिल्ने व्यहोरा अनुरोध छ ।)
४. विविध ।

**(ख) विशेष प्रस्तावहरु :**

१. प्रबन्धपत्र तथा नियमावलीको संसोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न सुझाव प्राप्त भएमा सो अनुरुप समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने ।
२. यस वित्तीय संस्था र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने, "बैंक तथा वित्तीय संस्था प्राप्ति (Acquisition) सम्बन्धी विनियमावली, २०७०" बमोजिम एक्विजिसन गर्ने गराउने, सो सम्बन्धमा वित्तीय संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन (Due Diligence Audit) गर्ने, मान्यता प्राप्त परामर्शदाता, मूल्याङ्कनकर्ता तथा लेखापरीक्षकहरु नियुक्त गर्ने, निजहरुको पारिश्रमिक निर्धारण गर्ने, गाभ्ने/गाभिने, एक्विजिसन सम्बन्धी समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र अन्य प्रक्रिया समेत पूरा गरी सोमा हस्ताक्षर गर्ने लगायत गाम्ने/गाभिने वा एक्विजिसन गर्ने गराउने कार्यसँग सम्बन्धित आवश्यक सम्पूर्ण प्रकृया पूरा गर्न सञ्चालक समितिलाई अख्तियारी दिने । (विगत साधारण सभाको निरन्तरताका लागि)
३. साधारण सभाको समय सम्ममा कुनै बैंक तथा वित्तीय संस्थालाई/सँग एकिकरण/एक्विजिसन गर्ने/जाने सम्झौता भएमा सञ्चालक समितिबाट भएको गाभ्ने/गाभिने, एक्विजिसन सम्बन्धी समझदारी पत्र (Memorandum of Understanding) अनुमोदन गर्ने ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

# साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. यस वित्तीय संस्थाको २४ औं वार्षिक साधारण सभाको प्रयोजनको लागि शेयर दाखिल खारेजको काम मिति २०७७/०९/१६ देखि मिति २०७७/०९/२९ गतेसम्म बन्द रहनेछ । साथै, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७७/०९/१५ गते सम्म कारोवार भई प्रचलित कानून बमोजिम यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र उक्त सभामा भाग लिन पाउने छन् ।
२. शेयरधनी महानुभावहरुले आफ्नो परिचय दिने आधिकारिक परिचयपत्र तथा साधारणसभा प्रयोजनार्थ जारी प्रवेश पत्र वा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा शेयर प्रमाणपत्रको प्रतिलिपि/हितग्राही खाता नम्बर लिई आउनु हुन अनुरोध गरिन्छ ।
३. सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावले वित्तीय संस्थाको सोही समूहको अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नु हुनेछ र सो सम्बन्धी प्रोक्सी फारम सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै वित्तीय संस्थाको कर्पोरेट कार्यालय, तिनकुने काठमाडौंमा बुझाई सक्नु पर्नेछ । प्रोक्सी फारम यस वित्तीय संस्थाको Website बाट Download गर्न सकिने छ ।
४. कुनै बैंक, वित्तीय कम्पनी, गुठी, संगठित संस्था, कम्पनी वा नेपाल सरकारले कम्पनीको शेयर खरिद गरेको अवस्थामा त्यस्ताको तर्फबाट खटाइएको वा मनोनित गरेको प्रतिनिधिले मतदान गर्न पाउने छ ।
५. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भएमा प्रोक्सी दिएको भए तापनि स्वतः बदर हुनेछ ।
६. प्रतिनिधि मुकरर गर्दा केही शेयर आफैसँग राखी आफु समेत सभामा उपस्थित हुने किसिमले आंशिक शेयरको प्रतिनिधि मुकरर गर्न पाइने छैन । सम्पूर्ण शेयरको लागि एकै व्यक्तिलाई मात्र प्रतिनिधि मुकरर गर्नु पर्दछ । साथै प्रतिनिधि (प्रोक्सी) दर्ता गरी सकेपछि सो लाई बदर गरी अर्को प्रतिनिधि पत्र (प्रोक्सी) दिन चाहनेले सो को जानकारी ४८ घण्टा अगावै दिई सक्नुपर्नेछ ।
७. नावालक वा विभिन्न शेयरधनीहरुको तर्फबाट वित्तीय संस्थाको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि (प्रोक्सी) तोक्न पाउने छ ।
८. एकै शेयरधनीले कुनै एक प्रतिनिधि मुकरर गरेकोमा सो बदर नगरी अर्को प्रतिनिधि मुकरर गरेमा जुन पहिले प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ ।
९. संगठित संस्था शेयरधनी भएमा त्यस्ता संगठीत संस्थाद्धारा मनोनीत व्यक्तिले ल्याउने प्रोक्सी फारममा संस्थाको छाप, अधिकृत व्यक्तिको दस्तखत हुनुपर्नेछ ।
१०. साधारण सभाको काम कारवाही कम्पनी ऐन २०६३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजीम हुनेछ ।
११. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले Webinar मार्फत उपस्थिति जनाउनु हुन अनुरोध छ । साधारण सभाको हाजिरी पुस्तिका विहान ११:०० बजेदेखि खुल्ला रहनेछ ।
१२. छलफलको विषय मध्ये विविध शीर्षक अन्तरगत छलफल गर्न इच्छुक शेयरधनीहरुले सभा शुरु हुनुभन्दा ७ दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।
१३. शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासाहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछन् ।
१४. शेयरधनी महानुभावहरुको जानकारीको लागि वित्तीय संस्थाको वित्तीय विवरण सहितको वार्षिक प्रतिवेदन वित्तीय संस्थाको वेवसाइट www.pfltd.com.np मार्फत उपलब्ध गराइनेछ ।
१५. साधारणसभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र वित्तीय संस्थाको कर्पोरेट कार्यालय, तीनकुने, काठमाण्डौमा सम्पर्क राख्न सकिने छ ।
१६. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरुले साधारण सभासँग सम्बन्धित कागजातहरु बाहेक यथासक्य झोला प्याकेट आदि नलिई आउनुहुन अनुरोध छ ।
१७. कोभिड-१९ को कारणले श्रृजना हुन सक्ने सम्भावित असर तथा जोखिमलाई मध्यनजर गरी नेपाल सरकारले पालना गर्नुपर्ने भनी तोकिएका सम्पूर्ण सुरक्षात्मक उपायहरु अवलम्बन गरी साधारण सभा सञ्चालन गर्ने प्रबन्ध मिलाईएको छ । साथै शेयरधनी महानुभावहरुले वित्तीय संस्थाको यस साधारण सभामा Webinar मार्फत भाग लिन साधारणसभा हुने समयभन्दा २४ घण्टा अगाडी कार्यालय समय भित्र मोवाईल नं. ९८५११९७३३५ वा ९८५१२३००९५ मा सम्पर्क गरी सहभागीता जनाउनु हुन अनुरोध गरिन्छ ।

**पुनश्च**: कम्पनी ऐन २०६३ अनुसारको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन शेयरधनी महानुभावहरुले कम्पनीको कर्पोरेट कार्यालय तिनकुने, काठमाण्डौमा उपस्थित भई निरीक्षण गर्न र प्राप्त गर्न सक्ने व्यहोरा समेत जानकारीका लागी सूचित गरिन्छ । संक्षिप्त आर्थिक विवरण लगायत वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु वित्तीय संस्थाको Website:www.pfltd.com.np मा पनि हेर्न सक्नुहुनेछ ।